मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

२६ औं वर्षमा Purwanchal National Daily

सूचना

'लैङ्गिक हिंसा र दुर्व्यवहार: छैन हामीलाई स्वीकार'
"Orange the World : #Hear Me to "

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २६ ◆ अङ्क : २१० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असार ९ गते बुधवार (Wednesday, June 23. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## २० मन्त्री पदमुक्त




**झापा, असार ८।** प्रतिनिधिसभा विघटनपछि नियुक्त भएका २० मन्त्री पदमुक्त भएका छन् ।

कामचलाउमा परिणत भएको वर्तमान सरकारले मन्त्रिपरिषद् विस्तार गर्नु संविधानविपरीत भएको भन्दै परेका सात रिटमाथि सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको निवेदकमध्येका एक अधिवक्ता शालिकराम सापकोटाले बताए ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर राणा र न्यायाधीश प्रकाशकुमार ढुंगानाको संयुक्त इजलासले मन्त्रिपरिषद् विस्तारको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो । जेठ २१ र २७ गते केपी शर्मा ओलीले गराएको मन्त्रिपरिषद् विस्तारलाई मान्यता नदिन आदेश दिए लगत्तै २० जना मन्त्रीको पद गएको छ ।

सर्वोच्चको अन्तरिम आदेश अनुसार अब प्रधानमन्त्री केपी शर्मा ओलीका अलावा विष्णु पौडेल, कृष्णगोपाल श्रेष्ठ र वसन्त नेम्बाङ र लीलानाथ श्रेष्ठ मात्र मन्त्री कायम रहने भएका छन् ।

प्रधानमन्त्री ओलीले जेठ २१ गते जसपाबाट १० र एमालेबाट ६ गरी १७ सदस्यीय मन्त्रिमण्डल पुनर्गठन गरेका थिए । त्यस्तै, दोस्रोपटक जेठ २७ गते जसपाबाट एक र एमालेबाट ७ सहित ८ मन्त्री थपेर पूर्णता दिएका थिए । प्रधानन्यायाधीश जबरासहितको संयुक्त इजलासले यस्तो अन्तरिम आदेश दिएको हो । मन्त्रिपरिषद् पुनर्गठनविरुद्ध परेका

*(बाँकी अन्तिम पृष्ठमा)*

### नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाको पहल

# झापाका स्वास्थ्य संस्थालाई १२ वटा अक्सिजन कन्सनट्रेटर वितरण

**झापा, जेठ ८।** नेपाल चिकित्सक संघले झापामा १२ वटा अक्सिजन कन्सनट्रेटर र ५० थान पीपीई दिएको छ ।

पूर्व गृहमन्त्री तथा उपप्रधानमन्त्री एवम् नेपाली काँग्रेसका नेता कृष्णप्रसाद सिटौलाको पहलमा नेपाल चिकित्सक संघले झापामा १२ वटा अक्सिजन कन्सनट्रेटर र ५० थान पीपीई दिएको हो ।

जिल्ला स्वास्थ्य कार्यालय झापा परिसरमा मङ्गलवार एक कार्यक्रमकाबीच कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले सो अक्सिजन कन्सनट्रेटर र पीपीई स्वास्थ्य कार्यालयमार्फत १० वटा स्थानीय तहका स्वास्थ्य केन्द्रहरूलाई हस्तान्तरण गरेका थिए ।

भद्रपुरमा तीन वटा, कचनकवल, हल्दिबारी, बाह्रदशी, अर्जुनधारा, बिर्तामोड, बुद्धशान्ति, गौरदाह, शिवसताक्षी र झापा गाउँपालिकालाई एक/एक थान अक्सिजन कन्सनट्रेटर हस्तान्तरण गरेका थिए । हस्तान्तरण कार्यक्रममा बोल्दै नेता सिटौलाले निःशुल्क स्वास्थ्य उपचार र मौलिक हक बारेमा सबै राजनीतिक दल मिलेर बनाएको संविधानमा राखेका छौं तर, आज संविधानमा राखिएको कुरा कार्यान्वयन नहुँदा दुःख लागेको बताए ।

कोभिड-१९ले सबै नेपाली जनतालाई सचेत गराइसकेको बताउँदै उनले भने- 'अब सरकारी अस्पताललाई सुधार गर्नुका साथै स्वास्थ्य क्षेत्रलाई उच्च




प्राथमिकतामा राख्नुपर्ने सबै दलको दायित्व हो ।'

कार्यक्रममा भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठले कोभिड १९ सङ्क्रमणबाट सङ्क्रमितले अक्सिजन अभावको कारण मर्नु पर्ने घटना दुःखद् भएको बताए । सरकारी स्वास्थ्य क्षेत्रलाई सुधारका लागि तीनै तहका सरकार लाग्नुपर्ने उनको भनाइ छ । नेपाली कांग्रेस झापाका सभापति उद्धव थापा, पार्टीका नेता देउमान थेवे, जिल्ला स्वास्थ्य कार्यालय झापाका निमित्त कार्यालय प्रमुख ईश्वरीप्रसाद पौडेल, मेची अस्पतालका मेसु डा. टङ्क बाह्रकोटी, नेपाल रेडक्रस सोसाइटी झापा शाखाका सभापति लोकराज ढकाल, कांग्रेसका झापा सभापति उद्धव थापा लगायतको उपस्थितिमा भएको कार्यक्रमको सञ्चालन कांग्रेसका क्षेत्रीय सभापति गणेश पोखरेलले गरेका थिए ।

## १२ जना भुटानी शरणार्थी संक्रमित

**दमक, असार ८।** भुटानी शरणार्थी शिविरका १२ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ ।

दमक नगरपालिकाको स्वास्थ्य शाखाद्वारा दुई दिन अघि दमक-३ बेलडाँगीस्थित भुटानी शरणार्थी शिविरमा गरिएको परीक्षणमा सो संख्यामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको हो । शिविरमा बसोबास गरिरहेका ३१ जनाको एन्टिजेन परीक्षण गर्दा १२ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको स्वास्थ्य शाखा अधिकृत बद्री बरालले जानकारी दिए ।

सङ्क्रमण पुष्टि भएका सबैलाई आवश्यक औषधिसहित होम आइसोलेसनमा बस्न अनुरोध गरिएको उनले जानकारी दिए । यसैगरी कोरोना भाइरस सङ्क्रमणबाट हालसम्म शिविरमा पाँच जनाको मृत्यु भइसकेको छ भने कोरोना भाइरससँग मिल्दोजुल्दो लक्षण देखिएका तर परीक्षण नगरिएका अन्य केही व्यक्तिको पनि मृत्यु भएको अनुमान गरिएको शिविरका पूर्वसचिव युवराज साङ्पाङले बताए ।

शिविरमा बढ्दै गएको कोरोना सङ्क्रमणको नियन्त्रणका लागि सरोकारवाला निकायले तत्काल ध्यान दिनुपर्ने भुटानी शरणार्थी अपाङ्ग संघकी अध्यक्ष देवीमाया गुरुङ्गले

*(बाँकी अन्तिम पृष्ठमा)*

# लापरवाहीले लिइरहेको छ ज्यान

**पाँचथर, असार ८।** जिल्लाको कुम्मायक गाउँपालिका घर भई फिदिममा बस्दै आएका ४५ वर्षीय पुरुषले ज्वरो, रुघाखोकीलगायत स्वास्थ्य समस्या देखिएपछि गत जेठ ३ गते पाँचथर जिल्ला अस्पतालमा पीसीआर परीक्षणका लागि स्वाव दिए ।

स्वास्थ्य समस्याले सताइरहेकै थियो र उनी अस्पताल गएनन् । पीसीआरको रिपोर्ट तीन दिन बित्दा पनि आएन । सिकिस्तै बिरामी परेपछि जेठ ६ गते दिउँसो उनलाई पाँचथर जिल्ला अस्पताल पुर्‍याइयो । कोभिड-१९सँग मिल्ने लक्षण देखिएपछि आकस्मिक कक्षका स्वास्थ्यकर्मीले सोधीखोजी गर्दा उनले स्वाब दिएको पत्ता लाग्यो । हत्तपत्त प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला विराटनगरमा उनको रिपोर्टबारे खोजी भयो । रिपोर्ट पोजेटिभ रहेको पाइएपछि जिल्ला अस्पतालकै अस्थायी कोभिड कक्षमा भर्ना गरियो ।

उनको शरीरमा अक्सिजनको उपलब्धता कमजोर रहेको र फोक्सोमा समस्या देखिएपछि तत्कालै थप उपचारका लागि झापा पठाइएकोमा बीच बाटोमै उनको मृत्यु भयो । स्वास्थ्यमा समस्या देखिए पनि ढिलो गरी अस्पताल आएकाले उनलाई रिकभर गर्नसक्ने सम्भावना अत्यन्तै कम थियो, उनी भर्ना भएका बखत आकस्मिक कक्षमा ड्युटीमा रहेका अहेब दीपक अधिकारीले भने- बिरामीको लापरवाहीका कारण गम्भीर समस्या ल्याइसकेकाले केही गर्न सक्ने अवस्था रहेन । फोक्सोमा समस्या रहेका ती सङ्क्रमितलाई मद्यपानले सबैभन्दा बढी समस्या पारेको देखियो ।

तेह्रथुमको आठराई गाउँपालिका घर भई फिदिममा बस्दै आएकी ६५ वर्षीया महिलाको अप्पर ग्यास्ट्रोइन्टेस्नल ब्लिडिङ (यूजिआई) का कारण जेठ २८ गेत पाँचथर जिल्ला अस्पतालमा मृत्यु भयो । जेठ २५ गते गरिएको एन्टिजेन परीक्षणमा उनीसहित परिवारका अन्य सदस्य समेतमा कोरोनाभाइरस सङ्क्रमण देखिएको थियो । स्वास्थ्य अवस्था सामान्य रहेकाले उनी होम आइसोलेशनमै बस्दै आएकी थिइन् तर एक्कासी मुखबाट रगत वान्ता गर्ने समस्या देखिएपछि आफन्तले उनलाई अस्पताल पुर्‍याए । अस्पतालमा उपचारको प्रयास हुँदाहुँदै उनको ज्यान गयो ।

पाँचथर जिल्ला अस्पतालका सिनियर अहेव उमेश साहका अनुसार यूजीआई ग्यास्ट्रिकको अल्सर भई आन्द्रामा प्वाल परेर नाक वा मुखबाट रगत वान्ता हुने समस्या हो । कोभिड-१९को सङ्क्रमणजस्ता जटिल स्वास्थ्य समस्या हुँदा यस प्रकारका रोगले ज्यानै जान सक्छ । नियमित स्वास्थ्य परीक्षण नगर्ने, खानपान नियमित नहुने, औषधि सेवन नगर्ने, अत्यधिक मद्यपान गर्ने जस्ता कारणले कोरोनाभाइरस सङ्क्रमण देखिए पनि मृत्युको कारण अर्कै रहन जान्छ । मृतक महिलामा पनि यसै प्रकारका समस्या देखिएको स्वास्थ्यकर्मी बताउँछन् ।

कोभिड-१९सँग मिल्ने लक्षण देखिएका स्वास्थ्य समस्या भएपनि जिल्लाको फाल्गुनन्द गाउँपालिका-३ का ६३ वर्षीय पुरुषले परीक्षण गर्न मानेनन् । मृतकका आफन्तले उनकै कारण परिवारका अन्य सदस्यसमेतमा सङ्क्रमण फैलिएको भन्दै उनको परीक्षणका लागि स्वास्थ्यकर्मी र जनप्रतिनिधि समेतलाई गुहारे । परिवारका सदस्य, आफन्त तथा स्वास्थ्यकर्मी समेतको आग्रह नमानेका उनलाई ज्वरो, रुघाखोकी र झाडापखालाजस्ता समस्या देखिएपछि उपचारका लागि अस्पताल लैजाने तयारी गर्दागर्दै जेठ १६ गते घरमै मृत्यु भयो ।

कोभिड-१९का लक्षणसँग मिल्ने लक्षण देखिएकाले मृत्युपश्चात उनको एन्टिजेन परीक्षण गर्दा रिपोर्ट पोजेटिभ आयो । बिरामीले स्वास्थ्य समस्या नै नबताई, परीक्षण नै नगरी उपचारमा लैजाने कुरा भएन, फाल्गुनन्द गाउँपालिकाका अध्यक्ष वीरबहादुर कुरुम्बाङले भने- परीक्षण गर्नै नपाई उनको ज्यान गयो । परिवारका सदस्यदेखि स्वास्थ्यकर्मी समेतको आग्रह अस्वीकार गरी कोरोनाभाइरसको सङ्क्रमणलाई

*(बाँकी अन्तिम पृष्ठमा)*

## लागूऔषधसहित पाँच जना पक्राउ




**मोरङ, असार ८।** मोरङ सुनवर्सी नगरपालिका-८ विश्वकर्मा चौकमा लागूऔषध ब्राउन सुगर सहित तीन जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा सुनसरी इटहरी-७का ३५ बर्षीय सुजन भन्ने ललित चौधरी, मोरङ कानेपोखरी-७ का २० बर्षीय महेश चौधरी र १९ बर्षीय भत्तेल भन्ने समिर चौधरी रहेका छन् । प्रहरी चौकी

*(बाँकी अन्तिम पृष्ठमा)*

## हल्दिवारी: 'द्वार एक, सेवा अनेक'



**सुरेन्द्र भण्डारी**

**झापा, असार ८।** नेपालकै होचो भू-भाग भनेर चिनिएको केचनादेखि करिव २५ किलोमिटर उत्तर पश्चिममा रहेको धनुष पोखरीलाई पूरातात्विक र ऐतिहासिक महत्वको पोखरीको रुपमा लिइन्छ । यो पोखरी हल्दिवारी गाउँपालिकाको वडा नम्वर ५मा अवस्थित छ ।

महाभारतकालीन इतिहाससँग जोडिएको यो पोखरीको वरिपरि विभिन्न धर्मावलम्वीहरुका मठ मन्दिरहरु रहेका छन् । पोखरीको अर्को अनौठो विशेषता हो यहाँको पोखरीमा रहेका माछा मार्ने वा निकाल्ने गरिँदैन । यही किम्वदन्तीलाई आत्मसात गर्दै गाउँपालिकाको निर्माणाधीन भवनलाई समेत धनुष आकारमा तयार गरिएको छ ।

तीन करोड ९० लाख ७९ हजार ३ सय ३ रुपैयाँ ४० पैसाको लागतमा निर्माणाधीन भवनको पश्चिमतर्फको भागलाई धनुष आकारमा मोडिएको छ । धनुषपोखरी आसपासको क्षेत्रमा स्थानीय दाताले एक विगाह १० कठ्ठा जमिन निःशुल्क उपलब्ध गराएपछि गाउँपालिकाको प्रशासनिक भवन अहिले निर्माणाधीन अवस्थामा रहेको छ । निर्माणाधीन गाउँपालिकाको भवनको करिव ८० प्रतिशत काम सम्पन्न भएको गाउँपालिका अध्यक्ष रवीन्द्र लिङ्देनले बताए ।

२०७६ साल जेठ १ गते किरातेश्वर कन्ट्रक्सन एण्ड ड्रिलिङ्ग कम्पनी सुकेधारा काठमाडौंले भवन निर्माणको ठेक्का लिएको थियो । सोही वर्षको असार ३० गते भवन निर्माणको काम सम्पन्न गर्नु पर्ने भए पनि कोभिड १९को बढ्दो संक्रमणका कारण निर्माणको काम सम्पन्न हुन नसकेको गाउँपालिका अध्यक्ष लिङ्देनले बताए । आगामी दुई/तीन महिना भित्रै गाउँपालिकाको प्रशासनिक

*(बाँकी अन्तिम पृष्ठमा)*

बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७८का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशन**मा **नर्सरीदेखि कक्षा ८** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

**भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।**

**भर्नाः २०७८ असार ६ गते आइतवारदेखि । समय :** विहान १० बजेदेखि १ बजेसम्म

विस्तृत जानकारीका लागि
बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोड-१, झापा
०२३-५४०१९५/ ५४२८२०

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

# ढ्याङ्ग्रेमा पक्की पुल



**उमानाथ भण्डारी**

**कमल, असार ८।** कमल गाउँपालिका वडा नम्वर-२ स्थित ढ्याङ्ग्रे खोलामा पक्की पुल निर्माणको काम सम्पन्न भए सँगै वर्षैभरि यातायात सञ्चालनमा सहज हुने भएको छ।

गाउँपालिकाको वडा नम्वर-२स्थित क्याम्पा र समयगढ बजारको बीचको पर्ने ढ्याङ्ग्रे खोलामा पुल नभएका कारण वर्षायाममा क्याम्पा र समयगढ बजार बीच आवतजावत बन्द हुन्थ्यो। पुल निर्माणको काम सम्पन्न भएपछि अब वर्षैभरि आवतजावतमा सहज हुने भएको वडा नम्वर २का अध्यक्ष तारानाथ न्यौपानेले बताए।

३५ लाख ४३ हजार ६२७ रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको पुल सञ्चालनमा आएपछि कमल गाउँपालिको केर्खा, क्याम्पा, समयगढ, बाँसवारी हुँदै गौरादहसम्म पुग्नका लागि सहज भएको अध्यक्ष न्यौपानेले बताए। पुल नभएकाले यहाँका जनतालाई धेरै समस्या थियो। बर्खाको समयमा सामान्य समान खरिद गर्नदेखि बिरामी भएको बेला औषधि किन्नका लागि समेत धेरै घुमेर मात्र बजार पुग्नुपर्ने बाध्यता थियो। अब पुल निर्माण भएपछि त्यो सबै समस्या हटेको स्थानीयवासी महेन्द्र पौडेलले बताएका छन्।

## दुर्घटनामा दुई जनाको मृत्यु

**मोरङ, असार ८।** मोरङ रंगेली नगरपालिका-७ रंगेली बजारमा पश्चिमतर्फ जाँदै गरेको ना ४ ख ३४९३ नम्बरको टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा प्र१-०२-०४३प ८०११ नम्बरको मोटरसाइकल चालक रतुवामाई-६ सौंठाका ४२ बर्षीय तिलक राज खड्का रहेका छन्। मंगलवार बिहान सोही दिशा तर्फ जाँदै गरेको मोटरसाइकललाई ठक्कर दिँदा गम्भीर घाइते भएका खड्काको रंगेली अस्पतालमा पुर्‍याउना साथ मृत्यु भएको थियो। टिपर र चालक धनपालथान-६ का ३९ बर्षीय विद्यासागर राय इलाका प्रहरी कार्यालय रंगेलीको नियन्त्रणमा रहेका छन्।

उता उदयपुर रौतामाई गाँउपालिका-१ टाट्नेमा ट्याक्टरबाट लडेर सहचालक रौतामाई-७ का ३२ बर्षीय तुलबहादुर केप्छाकी मगरको मृत्यु भएको छ।

नेपाल टेलिकमको चित्रे टावरको सामान लिएर जाँदै गरेको स१त ६८५८नम्बरको ट्याक्टरबाट अचानक लडेर गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल गाईघाटमा उपचारको क्रममा मृत्यु भएको हो। ट्याक्टर र चालक रौतामाई-७का २५ बर्षीय चेतु दमाई जिल्ला प्रहरी कार्यालय उदयपुरको नियन्त्रणमा रहेका छन्।

## प्रेस संगठन झापालाई पूर्णता, डी. कौडिन्य स्मृति पुरस्कारलाई निरन्तरता

**बिर्तामोड, असार ७।** प्रेस संगठन झापाले जिल्ला कार्य समितिलाई पूर्णता दिएको छ। संगठनका जिल्ला संयोजक झुलन रेग्मीको अध्यक्षतामा बिर्तामोडमा बसेको पूर्ण बैठकले कमिटी विस्तार गरेको हो।

बैठकले संगठनको सह-संयोजकमा पार्थ मण्डल र सुष्मा कुमाललाई जिम्मेवारी दिएको छ। त्यस्तै कोषाध्यक्षमा पुष्प खड्का तथा सदस्यमा दिलीप थापा रहेका छन्। अन्य सदस्यपछि थप गरिने संगठनका सचिव उद्धव पुरीले जानकारी दिए।

त्यस्तै वैठकले डी. कौडिन्य स्मृति पत्रकारिता पुरस्कारलाई निरन्तरता दिने निर्णय गरेको छ। पुरस्कार राशि बढाएर २१ हजार रुपैयाँ पुर्‍याइएको छ। उक्त पुरस्कारद्वारा साउन ७ गते डी. कौडिन्य स्मृति दिवसका दिन एक जना पत्रकारलाई पुरस्कृत गरिनेछ।

वैठकले संगठनका केन्द्रीय सदस्य तथा नेपाल पत्रकार महासंघ प्रदेश १का कोषाध्यक्ष बिमल लामिछानेको संयोजकत्वमा पुरस्कार छनौट समिति निर्माण गरेको छ। समितिको सदस्यमा



झुलन रेग्मी, डिकेश लामा, राजु पाठक र लीलाराज झापाली छन्।

वैठकले संगठनको तर्फबाट पत्रकार महासंघ प्रदेश र जिल्ला समितिमा निर्वाचित पदाधिकारी तथा सदस्यलाई बधाईसहित सफल कार्यकालको शुभकामना समेत व्यक्त गरेको थियो।

वैठकपछि आयोजित पार्टी नेतृत्वसँगको छलफल कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा झापा सह-इञ्चार्ज धर्मशिला चापागाँईले श्रमजीवीबर्गको पक्षमा कलम चलाउन आग्रह गरिन्। कार्यक्रममा माओवादी केन्द्रका झापा सचिव मणिकुमार साम्पाङको आतिथ्य रहेको थियो।

### लापरवाहीले ...

सामान्य रुघाखोकी ठान्ने प्रवृत्तिले उनको ज्यान गएको स्थानीय स्वास्थ्यकर्मी बताउँछन्।

फिदिम नगरपालिका-७ र ८ रानीटारमा कोरोनाभाइरस सङ्क्रमण निकै व्यापक फैलिइरहेको थियो। विवाह, भोजलगायतका कार्य रोकिएका थिएनन्। सङ्क्रमण दर उच्च थियो। सबैले परीक्षण गराउन नमान्दा सङ्क्रमण नियन्त्रणमा आएको थिएन। समयमा परीक्षण नगराएका फिदिम-८का ६० वर्षीय पुरुष सिकिस्त बिरामी भई असार १ गते जिल्ला अस्पतालमा भर्ना भए। तुरुन्तै एन्टिजेन परीक्षण गर्दा रिपोर्ट पोजेटिभ आयो। साँझ ६:३० बजे उनको मृत्यु भयो।

सोही वडाका दुई जना पुरुषको कोभिड-१९को लक्षणसँग मिल्ने स्वास्थ्य समस्याका कारण ज्यान गयो। स्थानीय ६२ र ७२ वर्षीय पुरुषको जेठ २१ गते मृत्यु भयो। यद्यपि उनीहरुमा कोरोनाभाइरस सङ्क्रमणको परीक्षण हुन सकेको थिएन्। वडा कार्यालयले सङ्क्रमण निकै व्यापक भएको भन्दै परीक्षण गराउन आह्वान गरेको थियो तर सबै स्थानीयवासी यसमा तयार भएनन्।

गाउँमा सङ्क्रमण फैलिँदै गएपछि सबैलाई परीक्षण गराउन अपील गरेको भए पनि सबैको परीक्षण हुनसकेको थिएन- फिदिम-८का वडाध्यक्ष शेरबहादुर नेम्वाङले भने- गाउँमै स्वास्थ्यकर्मीको टोली बोलाएर परीक्षणको प्रवन्ध गरेको थिएँ। परीक्षण नभई एकै दिन एकै वडाका दुई जना पुरुषको मृत्यु भएको घटना सार्वजनिक भयो। कोभिड-१९का लक्षण देखिएपनि वडाले परीक्षणका लागि गरेको आह्वानमा मृतक सहभागी थिएनन्। मृत्युको समाचार सञ्चारमाध्यमबाट सार्वजनिक भएपछि तनाब भने वडाध्यक्षलाई आइपर्‍यो। उनीहरुको कोरोनाभाइरस सङ्क्रमणका कारण मृत्यु भएको पुष्टि भएन् तर कोरोनाभाइरससँग मिल्ने लक्षण भने थिए- वडाध्यक्ष नेम्वाङको गुनासो छ- परीक्षणका लागि प्रबन्ध गर्दागर्दै उनीहरुको दुःखद् निधन भयो। मृत्युको कारण अर्कै भएको हुनसक्ने भए पनि समाचार आएपछि हामीले अनावाश्यक तनाब भोग्नुपर्‍यो।

वडा कार्यालयले स्थानीयस्तरमै परीक्षणको प्रवन्ध गर्नुका साथै फिदिम गएर परीक्षण गराउन सवारी साधनको प्रवन्धसमेत गरेको थियो। मृतकमा ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्नेजस्ता स्वास्थ्य समस्या थिए।

लापरवाही र हेलचेक्र्याइँका कारण ज्यान गएका यस्ता कयौँ उदाहरण छन्। यहाँका गाउँ-गाउँमा सङ्क्रमण तीव्र गतिमा फैलिए पनि स्वास्थ्य सुरक्षाका मापदण्डको पालनाको अवस्था निकै कमजोर छ। कतिपयले अझसम्म मास्कको प्रयोग गर्न, भौतिक दूरीको पालना गर्न, भीडभाड नगर्न तथा भीडभाडमा नजान मानिरहेका छैनन्। यसकारण एक/दुई जना सङ्क्रमितका कारण गाउँभरि नै सङ्क्रमण फैलिएको छ। जिल्लाको हिलिहाङ गाउँपालिका-५ सुभाङमा आयोजना गरिएका दुई वटा विवाहबाट फैलिएको सङ्क्रमणले उक्त वडाका १५६ जना तथा वडा नं. ३का १९ जनामा सङ्क्रमण पुष्टि भयो।

लक्षण देखिएका कतिपयले मद्यपान गर्ने, कोरोनाभाइरस सङ्क्रमणलाई मौसमी रुघाखोकीका रुपमा लिने जस्ता समस्याले सङ्क्रमण फैलने र सङ्क्रमणकै कारण मृत्यु हुने घटना दोहोरिरहेका छन्। यहाँका बजार तथा ग्रामीण भेगका कयौँ सर्वसाधारणले अझै पनि कोरोना परीक्षण गर्न मानिरहेका छैनन्। सबैलाई परीक्षणका लागि तयार बनाउन सकिएको छैन्- हिलिहाङ गाउँपालिकाको स्वास्थ्य शाखाका संयोजक चन्द्रप्रसाद घिमिरेले भने- समुदायमा व्यापक रुपमा फैलिएको सङ्क्रमण सबैको परीक्षण नगरी नियन्त्रण गर्न सकिँदैन। परीक्षण गर्न नमानेकाको कोरोनाभाइरसको लक्षणसँग मिल्ने समस्याबाट मृत्यु भएका घटना समेतबाट कतिपयले पाठ सिक्न सकिरहेका छैनन्।

यस्तै परीक्षण गर्न नमानेका तथा सङ्क्रमण पुष्टि भएकाको आवागमन नियन्त्रण हुन सकेको छैन। जसकारण सङ्क्रमण नियन्त्रण हुनसकेको छैन। ४० दिनदेखि निषेधाज्ञा जारी रहेपनि सङ्क्रमित थपिने क्रम रोकिएको छैन। चेन ब्रेक हुन नसक्दा सङ्क्रमण नियन्त्रणमा आएको छैन- मानवअधिकारकर्मी मङ्गल बेघाले भने- सङ्क्रमण नियन्त्रणका लागि अझै प्रभावकारी कदम चालेर जिल्लावासीको जीवन रक्षा गर्नुपर्छ।

मुख्यतः लापरवाहीकै कारण सङ्क्रमण नियन्त्रणमा आउन नसकेको देखिएको छ। जिल्लाका आठ वटै स्थानीय तहले पीसीआर तथा एन्टिजेन परीक्षण गर्न, स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गर्न विभिन्न प्रकारले प्रचार-प्रसार गरी सचेतना फैलाउने प्रयास गरिरहेका छन् तर सरकारी निकायका प्रयासलाई सार्थक बनाउन नागरिक स्तरबाट सहयोग मिलेको छैन। नयाँ भेरियन्टको कोरोनाभाइरस सङ्क्रमणको दोश्रो लहर जिल्लामा सुरुआतमै देखिएको याङ्वरक गाउँपालिकामा करिब तीन दर्जन स्थानीयमा सङ्क्रमण देखिएपछि एक हप्तासम्म सङ्क्रमित देखिएनन्। गाउँपालिकाले प्रचारप्रसार र परीक्षणलाई नियमित बनाइरहेकै थियो तर जेठ तेश्रो सातादेखि सङ्क्रमण व्यापक भयो। याङ्वरकमा मात्रै सङ्क्रमितको संख्या १६० कटेको छ।

यहाँ निषेधाज्ञा जारी हुँदा जम्मा ५७ जना सङ्क्रमित थिए तर निषेधाज्ञाकै बीच ४० दिनपछि सो सङ्ख्या बढेर एक हजार ७४८ पुगेको छ। निषेधाज्ञाका समयमा दैनिक औषत ४२ जनामा सङ्क्रमण पुष्टि भइरहेको छ। हालसम्म जिल्लामा सङ्क्रमण पुष्टि भएका २२ जनाको मृत्यु भएको छ। मृत्यु दर १.२५ पुगेको छ।

मेरो सूचनामा निषेधाज्ञामा बजार र सवारी मात्रै बन्द भए। फिदिममा तासका जमघट भए- नागरिक अगुवा प्रेम ओझाले भने- सबै ठाउँमा परीक्षणको दायरा बढाउनुपर्ने जरुरी छ। नागरिक स्वयम् सचेत नभई महामारी नियन्त्रणमा आउन सक्दैन। ओझाका कुरामा स्वास्थ्य कार्यालयका प्रमुख नारद सुवेदीको पनि समर्थन छ। सरकारी निकायका प्रयासले मात्रै महामारी नियन्त्रण हुनसक्दैन- सुवेदीले भने- यसका लागि नागरिक सचेत हुनुपर्छ। अधिकांश मृत्युका घटना समेत लापरवाहीकै कारण भएको पाइएको भन्दै उनले सचेततापूर्वक सामूहिक प्रयासबाट सङ्क्रमण नियन्त्रण र मृत्युका घटना रोक्नुपर्ने राय छ।

### हल्दिवारी ...

भवन निर्माण सम्पन्न गर्ने गरी तयारी भइरहेको छ- अध्यक्ष लिङ्देनले भने- ऐतिहासिक महत्व बोकेको धनुष पोखरीको संरक्षण र गाउँपालिकाको प्रशासनिक भवन निर्माण एकैपटक सम्पन्न हुँदैछ।

गाउँपालिकाको प्रशासनिक भवन नहुँदा अहिलेपनि गाउँपालिकाको काम भाडाको घरबाट सञ्चालन गर्नु परेको गाउँपालिका अध्यक्ष लिङ्देनले बताए। अब केही महिनाभित्रै गाउँपालिकाको भवन निर्माण सम्पन्न हुन्छ- अध्यक्ष लिङ्देनले भने- हामीले निर्माण गरेको भवन छुट्टै मोडालिटीको छ। सेवाग्राही सेवा लिन आएपछि एउटै हाताभित्रबाट सबै सेवा एकै पटक लिन सक्छन्। त्यही डिजाइनमा हामीले भवन निर्माण गरिरहेका छौं। जनप्रतिनिधि बस्ने छुट्टै भवन हुन्छ, बाँकी कर्मचारीका लागि सेवा प्रवाह गर्न एकै ठाउँबाट मिलाइन्छ - अध्यक्ष लिङ्देनले भने।

गाउँपालिकाको भवन निर्माणका लागि स्थानीय दाताले सीमाना मिल्दो गरी जमिन छुट्याएर प्रदान गरेको र गाउँपालिकाको भवन यस क्षेत्रमा बनेकोमा सबै गाउँपालिकावासी हर्षित भएको अध्यक्ष लिङ्देनले बताए।

भवन निर्माणका लागि देउकुमार लिम्बू, सन्तोष मेयाङ्वो, तीलप्रसाद सुवेदी लगायतले जमिन उपलब्ध गराएको लिङ्देनले बताए। ऐतिहासिकतालाई समेत मध्यनजर गर्दै गाउँपालिकाले प्रशासनिक भवन निर्माण गरेको र भवन भूकम्प प्रतिरोधी रहेको बताइएको छ।

यता गाउँपालिकाका इन्जिनियर संकल्प खनालले २०७४/०७५को बजेटबाट गाउँपालिकाको भवन निर्माण भइरहेको बताएका छन्। कूल लागत ५ करोड ५१ लाख २हजार ८ सय ६१ रुपैयाँ अनुमान गरे पनि तीन करोड ९० लाखमा ठेक्का लगाएको उनले बताए। भवन व्लक/व्लक सिस्टममा तयार भएको इन्जिनियर खनालले बताए। उनले भने- भवनमा सातवटा व्लक रहेका छन्। जसमा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, मिटिङहल, प्रशासनिक भवन, धनुषपोखरी आकारमा निकाल्न अन्य व्लक बनाइएको छ भने क्यान्टिन हल समेतसंगै रहेको छ।

द्वार एक, सेवा अनेकको अवधारणामा तयार गरिएको यो भवन प्रमुख प्रशासकीय अधिकृतको कोठामा प्रवेश गरेपछि सवै सेवाग्राही काम सम्पन्न नगरुञ्जेल वाहिर निस्कनु पर्दैन। सवै सेवा भित्रैवाट हुन्छ। करिव ५ सय जना मानिस अटाउन सक्ने गरी प्रशासनिक भवन बनाइएको छ- इन्जिनियर खनालले भने।

धनुष आकारमा तयार गरिएको भवनको मोहोडा तयार गरिएको र धनुषको टुप्पो मात्र बनाउन बाँकी रहेको निर्माण व्यवसायी राम वान्तवाले बताए। ऐतिहासिकताको आधारमा निर्माण गरिएको यो भवन निर्माण सम्पन्न भएसंगै यसले छुट्टै महत्व राख्ने उनको भनाइ छ।

### १२ जना ...

बताइन्। यसैबीच शिविरका १० जना सङ्क्रमित परिवारलाई शरणार्थी सम्बन्धी संयुक्त राष्ट्रसंघीय संस्था (यूएनएसीआर) र विश्व लुथरन फेडरेशनको सहयोगमा चामल, तेललगायत खाद्यान्नसहित सरसफाइसम्बन्धी सामग्री प्रदान गरिएको बताइएको छ। पूर्वी मोरङको पथरी र दमकमा रहेको दुई शिविरमा करिब पाँच हजार भुटानी शरणार्थी बस्दै आएका छन्।

### २० मन्त्री ...

पूरकसहित ९ रिट प्रधान न्यायाधीश जबरा र न्यायाधीश ढुंगानाको इजलासमा थियो।

'प्रतिनिधिसभा विघटन भएको विशेष परिस्थितिमा प्रधानमन्त्रीको अध्यक्षतामा जे जुन अवस्थाको मन्त्रिपरिषद् छ त्यही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्नेछ भनी स्पष्ट रुपमा किटानीका साथ उल्लेख भइरहेको परिप्रेक्ष्यमा तत्काल कायम रहेका प्रधानमन्त्रीले अन्य सामान्य अवस्थाको प्रधानमन्त्रीले जस्तो मन्त्रिपरिषद विस्तार गर्ने, थप गर्न सक्ने भनी संविधानको कुनै पनि धारामा उल्लेख नभएको र धारा ७७ (३)ले साविककै मन्त्रिपरिषदले कार्य सञ्चालन गर्ने भनी किटानी गरिरहेको अवस्थामा प्राइम फेसिया रुपमा मन्त्रिपरिषद्को विस्तार गर्ने वा थप गर्ने अधिकार प्रधानमन्त्रीमा रहेको देखिँदैन'- अन्तरिम आदेशमा भनिएको छ।

सर्वोच्चमा रिट दायर भएर कारण देखाऊ आदेश जारी भएका बेला प्रधानमन्त्री केपी शर्मा ओलीले दोस्रोपटक विस्तार गरेर मन्त्रिपरिषदलाई पूर्णता दिएका थिए। त्यसबिरुद्ध वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले पूरक निवेदन दिएका थिए।

मन्त्रिपरिषद् पुनर्गठनबिरुद्ध वरिष्ठ अधिवक्ता त्रिपाठीसहित, अधिवक्ता अधिवक्ता राजकुमार सुवाल, शालिकराम सापकोटा, सीतादेवी श्रेष्ठ, कञ्चनकृष्ण न्यौपाने, वीरेन्द्र प्रसाद साह समेतले राष्ट्रपति कार्यालयसमेतलाई विपक्षी बनाई रिट दायर गरेका हुन्। रिट निवेदकले पुनर्गठित मन्त्रिमण्डललाई काम कारवाहीमा रोक लगाउन अन्तरिम आदेश माग गरेका थिए। प्रतिनिधिसभा विघटनपछि कामचलाउ भइसकेको सरकारले मन्त्रिमण्डल विस्तार गर्नु कानून संविधानको बर्खिलाप भएको निवेदकको जिकिर थियो। सर्वोच्चको मंगलबारको आदेशले ओली सरकारलाई ठूलो धक्का पुगेको राजनीति विश्लेषण गरिएको छ।

### लागूऔषधसहित ...

झपडतलबाट खटिएको प्रहरी टोलीले दक्षिणबाट आउँदै गरेको तीन जना सवार सवार प्र.न.१-०२-०४५प ३९७३ नम्बरको मोटरसाइकल रोकी चेकजाँच गर्दा उनीहरुको साथबाट १४ ग्राम लागूऔषध ब्राउन सुगर फेला पारी मोटरसाइकल सहित पक्राउ गरिएको हो। यसैगरी सोही स्थान सुनवर्सी-८ विश्वकर्मा चौक स्थितमा प्रहरी चौकी सिक्टीबाट खटिएको प्रहरी टोलीले लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा मोरङ पथरी शनिश्चरे नगरपालिका-४का २५ बर्षीय प्रकाश लिम्बू र २० बर्षीय बिमल तामाङ रहेका छन्। दक्षिणबाट आउँदै गरेको को ४ प ९१८० नम्वरको मोटरसाइकलमा सवारी उनीहरुको साथबाट लागूऔषधसहित मोटरसाइकल पक्राउ गरिएको हो। पक्राउ परेका ५ जना उपर इलाका प्रहरी कार्यालय रंगेलीमा लगि थप अनुन्धान भइरहेको छ।

## सूचना सच्याइएको सम्बन्धमा

**मिति २०७८/०३/०९**

यस कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट साईलेज मेकिङ्ग मेसिनको खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्रको सूचना (ठेक्का नं.-KANAKAI/SQ/11/2077-078) को सूचना कनकाई नगरपालिकाको आधिकारिक websiteमा मिति २०७८/०२/२५ गते प्रकाशित भएकोमा सोही मितिमा सार्वजनिक पत्रिकामा सो सूचना प्रकाशित गर्न सूचना पठाइएको भएता पनि मिति २०७८/२/२८ गते प्रकाशित सार्वजनिक पत्रिकामा २०७८/२/२७ गते राखी सूचना प्रकाशित गरेकाले सार्वजनिक पत्रिकामा प्रकाशित मिति २०७८/२/२८ गते नै साइलेज मेकिङ्ग मेसिनको खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना (ठेक्का नं.-KANAKAI/SQ/11/2077–078) रहने गरि सूचना सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

## बिर्तामोड नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल**

## सँधियारका नाममा जारी १५ दिने सूचना

साविक अनारमनी नगरोन्मुख गाविस, साविक चारपाने गाविस, साविक गरामनी गाविस वडा नं. हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री डिगबहादुर नेउपानेले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी घर नक्सासहित निवेदन पेश गर्नु भएकोमा तपाई सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। उक्त विवरणमा तपाईको कुनै हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाणसहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला। म्यादभित्र कुनै दाबी विरोध नभए कानून बमोजिम भई जाने व्यहोरा समेत सूचीत गरिन्छ।

**तपशिल**

| जग्गा रहेको स्थान | सिट नं. | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-४ | १७९/०११९ | ४६४५ | १६०.८४ | २०७७।१२।२४ | २०७७।१२।२४ | २०७८।०३।०८ |


# बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।







श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## जोखिम टरेको छैन

कर सङ्कलन गर्ने समय सीमा सकिन लाग्दा सरकारले बन्दाबन्दी खुकुल्याउँदै लगेको छ । चालू आर्थिक वर्षभित्र तिर्नुपर्ने कर उठाउन कै लागि भए पनि निषेधको आदेश हटाउन जरुरी भएर हुन सक्छ केही व्यवसाय बाहेक पूर्णरुपले खुल्ला गरिएको हो । यही समय जनस्वास्थ्यविद्हरुले भने जस्तै कोरोनाको नयाँ भेरियन्ट पहिचान भएको छ । भाइरसको आनुवंशिक संरचनाको अध्ययन गर्न पठाइएका अड्चालीस नमूना मध्ये सड्चालीस वटा नमूनामा नयाँ प्रजातिको 'डेल्टा प्लस भेरियन्ट' भेटिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यसले नेपालमा कोरोना संक्रमणको जोखिम झनै उच्च रहेको अनुमान गर्न सकिन्छ । भाइरस स्वरूप परिवर्तन गर्दै नयाँ लक्षणसहित विस्तार हुँदा मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउँछ । त्यसकारण पनि सरकारले बन्द खुल्ला गऱ्यो ठानेर निर्धक्क, निस्फिक्री हिंडडुल गर्नु आफ्नै लागि घातक हुनसक्छ भन्ने बिर्सनु हुँदैन ।

विश्वका दशभन्दा बढी देशमा भेटिएको परिवर्तित रूपको भाइरस डेल्टा प्लस कति संक्रामक छ भन्ने यकिन भइसकेको छैन । तर, कोरोना भाइरसकै कारण विश्वमा लाखौंको ज्यान गइसकेकोले परिवर्तित स्वरूप पनि घातक हुन सक्छ भन्नेतर्फ सजग हुनै पर्छ । अझ नेपालको सन्दर्भमा जनता स्वयं सचेत र सजग हुनै पर्छ। जुन घरपरिवारले कोरोनाकै कारण सदस्य गुमाउनु परेको छ उनीहरूले भोग्नु परेको पीडाबाट पाठ सिक्नै पर्छ । किनकि हामीसँग न स्वास्थ्य सेवा यथेष्ट छ न त सरकारले जनताप्रतिको उत्तरदायित्व निर्वाह गरेको मान्ने आधार नै छ । विगत झण्डै डेढ वर्षदेखि आतङ्क सृजना गरेको भाइरसविरूद्धको खोप लगाएर जनतालाई सुरक्षित गर्नेभन्दा सरकारको ध्यान राजनीतिक स्वार्थ मै केन्द्रीत भइरहेको छ। नेपालमा अहिलेसम्म पहिचान भएका अल्फा बी, डेल्टा बी र कप्पा भेरियन्ट प्रमाणित भइसकेका छन् । अति संक्रामक ती भेरियन्टको संक्रमण हाल केही कमजोर देखिएको छ, तरनियन्त्रण नै भने भइसकेको छैन ।

करिब दुई महिनापछि एकान्तबास खुल्ला भएको छ । कोरोनाको दोस्रो लहर उत्कर्षमा पुग्न लाग्दा जनताले पाएको सास्ती, मानसिक, आर्थिक तथा जीवन रक्षाको सङ्कट केही मत्थर भएको छ । यद्यपि विज्ञहरूले संक्रमण फैलिने दर पाँच प्रतिशतमा नझरुञ्जेल भाइरसजन्य त्रास कम नहुने बताएका छन् । अहिले संक्रमण दर बीस प्रतिशतभन्दा माथि छ त्यसैले खुल्ला भयो भनेर लापरबाही गरिनु घातक हुन सक्छ । विश्वमा एकसाथ आतङ्क सृजना गरेको भाइरसविरूद्ध उभिन खोप अनिवार्य छ भन्ने तथ्यहरुले पुष्टि गरिसकेको छ । तर, आफूले उत्पादन गर्न नसक्ने अवस्थामा बिकसित देशहरूको सहयोगबिना हामीलाई खोप सम्भव छैन । यसका लागि सरकारले नै राजनीतिक, प्रशासनिक तथा कुटनीतिक पहल गर्नुपर्छ । यसमा सरकारको भूमिका कमजोर रहेका कारण खोपको सुनिश्चतता देखिँदैन । 'हिउँदलाई नभई वर्खालाई–आफूलाई नभई अर्कालाई' भन्ने गरिन्छ, त्यसैले उत्पादक देशहरूले अरुलाई सहजै खोप दिँदैनन् । यस्तोमा सरकारकै क्षमताले मात्र जनताको जीवन रक्षा गर्न सक्छ । संक्रमणकै बीच तीन जना स्वास्थ्य मन्त्री फेरिए तर, भरोसायोग्य वातावरण बनेन । अब पनि जनता सावधान नहुने, हेलचेक्र्याइँ गरिरहने हो भने स्वास्थ्यका मापदण्डको पालना नगर्ने हो भने नयाँ भेरियन्टको बिस्तारलाई कसैले छेक्न सक्दैन ।

# चुरेको बहुआयामिक सन्दर्भ



तुलसीराम खरेल

आर्थिक बर्ष २०७८/०७९ को अध्यादेश मार्फत गत जेठ महिनामा प्रस्तुत गरिएको बजेट पश्चात् चुरे एकाएक चर्चामा आयो । ' वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवाको निकासी गरिने खानीजन्य निर्माण सामग्रीको परिवहनको लागि उद्योगदेखि निकासी बिन्दुसम्म रोप-वे निर्माण गर्न आयातमा लाग्ने भन्सार छुट दिने योजना मिलाएको छु' भन्ने अध्यादेशको बुँदा नं. १९९ मा उल्लेख थियो । यो प्रावधानको चौतर्फी बिरोध भयो । सत्तारुढ कै एउटा घटकसहित मुलुकका प्रमुख दलहरुले बक्तव्य जारी गरेरै उक्त कुराको विरोध गरे । नागरिक समाज र आम सर्वसाधारणको विरोधको आवाजले सामाजिक सञ्जाल ब्याप्त भयो, सर्वोच्च अदालतमा रीट पऱ्यो । अन्ततः असार ४ गते 'प्राकृतिक स्रोतमा राष्ट्रको स्थायी सार्वभौम अधिकार रहने' भनि सर्वोच्चद्वारा ढुङ्गा, गिट्टी, बालुवा निकासी गर्ने सरकारी तयारीमा रोक लागायो ।

सर्वोच्चको आदेशमा भनिएको छ- 'राष्ट्रको प्राकृतिक स्रोत उपयोगमा अन्तरपुस्ता समन्वयलाई र वातावरणीय अनुकूलतालाई महत्वका साथ हेरिनु पर्दछ । ढुङ्गा, गिट्टी जस्ता प्राकृतिक स्रोतसाधन उत्खनन् गरी निकासी गर्ने कार्यबाट राष्ट्रको प्राकृतिक स्रोत, वातावरणीय प्रभाव, वन्यजन्तु, पशुपन्छी, वनस्पति समेतका जैविक विविधतामा असर पार्ने देखिन्छ ।' यो सर्वोच्चको आदेशलाई धेरैले स्वागत गरे । व्यापार घाटा कम गर्ने सरकारको यो उपाय तत्कालको लागि टरेको छ । आखिर किन भयो त यत्रो बिरोध ? यसले के असर गर्छ ? ढुङ्गा, गिट्टीको प्रमुख स्रोत चुरे भनेको के हो ? यसको बहुआयामिक महत्व के रहेको छ ? यसैको सेरोफेरोमा यो आलेख तयार गरिएको छ ।

उत्तरतिरको तिब्बतीयन प्लेटु र दक्षिण तर्फको गंगाको मैदानभित्र हिमालय पर्वतको काखमा अवस्थित नेपाल भूमि प्रकृतिको सुन्दर रचना हो । पश्चिममा शिन्धुघाँटीदेखि पूर्वमा ब्रह्मपुत्र नदीसम्म फैलिएको हिन्दूकुश हिमालय क्षेत्रको झण्डै बीच भागमा नेपाल अवस्थित छ । हिमालय पर्वतसँग समानान्तर भएर महाभारत र चुरे पर्वत श्रृंखलाहरु फैलिएका छन् । चुरे बालुवा, गिट्टी, ढुंगाको थुप्रो मात्रै हो भनेर बुझ्ने हो भने हामीले केही पनि नबुझेका छौं भन्ने अर्थ हुन जानेछ । अवैधानिक र चोर बाटोबाट भइरहेको चुरे दोहनले त अनुमा नै गर्न नसकिने असरहरु छोडिसकेको कुराहरु र त्यसको संरक्षणको नाममा अर्बौं रकमको दुरुपयोगको बारेमा ज्यादै कम मानिसहरुले मात्र जानकारी राख्ने गरेको बुझिन्छ । चुरेको महत्वबारे जानकारी दिनेखाले र सचेतना जगाउनेखाले सामग्रीहरुले मिडियाहरुमा उच्च महत्व पाउनुपर्ने त्यतिकै आवश्यक कुरा रहेको छ । चुरेको साहित्य लेखिनु पर्छ । चुरेको कविता बन्नुपर्छ । चुरेको महत्व खोजिनुपर्छ । चुरेको महिमाको ब्याख्या हुनुपर्छ । चुरे दोहनले पार्न सक्ने बहु आयामिक खतराहरु जनजनले जान्नुपर्छ ।

नेपाललाई हिमाल, पहाड र तराइ गरेर तीन धरातलीय क्षेत्रमा बिभाजन गरिए पनि तराइ, चुरे-भावर, पहाडी, हिमाली र भोट प्रदेश गरी पाँच वातावरणीय इकाइहरुमा बिभाजन गर्न सकिन्छ । समुद्री सतहदेखि करिब १२०० मिटरदेखि करिब २००० मिटरसम्म चुलिएर पूर्व-पश्चिम फैलिएको सबैभन्दा दक्षिणतर्फको कान्छो पर्वतनै चुरे पर्वत हो । यसलाई सिवालिक क्षेत्र समेत भनिन्छ । यो क्षेत्र तुलनात्मक हिसावले कमलो माटो र चट्टानहरुबाट बनेको छ । यो ढुंगा, माटो, वनस्पति, जडीबुटी, जीवजन्तु, पानी आदिको महत्वपूर्ण स्रोत रही आएको छ । यसै क्षेत्रभित्र सिमसारहरु, अनेकौं धर्म र सम्प्रदायहरुका संस्कृतिका धरोहरहरु, राष्ट्रिय निकुञ्ज, ऐतिहासिक क्षेत्रहरु समेत रहेका छन् ।

पृथ्वीनारायण शाहले पूर्वी राज्यहरुमा हमला गर्दा कोशी नदी अहिलेको स्थानभन्दा करिब १२० किलोमिटर पूर्वबाट बहन्थ्यो । कोशी ब्यारेज बन्ने समयसम्म यो नदी पश्चिमतर्फ लाग्दा यहाँको चुरे प्रभावित बन्यो । त्यो पूर्वी नेपालको चुरे कमजोर बन्ने एउटा कारण हो भनी डा. तीर्थबहादुर श्रेष्ठले आफ्नो पुस्तक 'नेपाल नलेखिएका पाटाहरु'मा उल्लेख गरेका छन् । झापाको कृष्णथुम्कीदेखि सुदुरपश्चिमको ठाकुरद्वार, सुनसरीको बुढासुब्बादेखि मकवानपुरको कुष्मान्ड सरोवर चुरेकै सम्पदा हुन् । झापाको सताक्षीधाम होस वा हेटौंडाको बनसखन्डी सबै चुरेभित्रका सांस्कृतिक सम्पदा हुन् । मकवानपुरको कुष्मान्ड सरोवर त्रिवेणीधाम चुरे पहाडको कुशहरुको झाडीबाट उत्पन्न हुने कौशवाही नदी, कर्रा नदी र रापती (पौराणीक नाम कर्णावती)को संगमस्थल हो । अचम्म त के छ भने यिनिहरु मध्ये कौशवाही नदी उत्तरतर्फ बग्ने नदी हुन् । दक्षिण तर्फको चुरे पर्वत नै यसको मुहान हो । नेपाल र भारत बर्षमा एकमात्र स्थानमा लाग्ने 'सत्ययूगादि कुष्मान्ड नवमी मेला' लाग्ने स्थान पनि यही हो । सुनसरीको पञ्चकन्या छेउको भताभुङे दरबार, मकवानपुरको मकवानपुरगढी, सिन्धुलीको सिन्धुलीगढी, यहाँका ऐतिहासिक स्थलहरु हुन् ।

चुरे नजोगाउने हो भने यहाँ उल्लेख भएका र उल्लेख हुन नसकेका सम्पदा र धरोहरहरुको पनि बिनास हुन्छ । तिनाउ नदीको किनारमा रामापिथेकसको खप्परको अवशेष भेटिएको थियो । यसले पनि चुरे क्षेत्रका स्थानहरु मानव विकासको इतिहाससँग जोडिएर रहेका ऐतिहासिक महत्वपूर्ण र आर्कियोलोजी एवम् एन्थ्रोपोलोजीका बिद्यार्थीका लागि त तीर्थस्थल समेत हुन सक्छन् । झापा, इलाम संगममा कहीँ चुलाचुली त कहीँ मैनाचुलीको नामले यसलाई पुकारिन्छ । स्थान अनुसारका नामाकरण अर्को चाखलाग्दो कुरो छदैछ । बारा जिल्लाको ठीक उत्तरतर्फ उत्पत्ति भएकी 'चुरिया माई भगवती' धेरैकी आस्थाको केन्द्र बनेकी छन् । यी देवी चुरेकै रक्षाको लागि उत्पत्ति भएकी हुन भन्ने विश्वास समेत रहिआएको छ ।

रामसारसाइट्मा उल्लेख भएका नेपालका १० वटा सिमसार मध्ये कोशी टप्पु (१७५०० हेक्टर), बीस हजारी ताल (३२०० हेक्टर), घोडाघोडी ताल (२५६३ हेक्टर), जगदीशपुर जलासय (२२५ हेक्टर) विश्व सम्पदा सूचीमा परेका चुरे क्षेत्रका सिमसारहरु हुन् । सिमसार भनेका प्रकृतिका मृगौलाहरु हुन् । पानीलाई सफा गर्ने, जलजिविका वासस्थान, उभयचरका प्रजनन् केन्द्र र चराहरुले रुचाएका क्रिडास्थल पनि सिमसार नै हुन् । चुरे भावरमा पलाएको पानी यिनीहरुको बाँच्ने आधार समेत हो । चुरेभित्र परेका राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षणहरुमा कोशी टप्पु वन्यजन्तु आरक्षण, चितवन राष्ट्रिय निकुञ्ज सौरहा, पर्सा राष्ट्रिय निकुन्ज, सुक्लाफाँट राष्ट्रिय निकुन्ज विश्वकै दूर्लभ वन्यजन्तु र वनस्पतिले भरपुर छन् । बर्दिया राष्ट्रिय निकुन्जको सबै भाग चुरिया क्षेत्रमै पर्दछ । चुरे क्षेत्रमा रहेको वन सम्पदाका तथ्यांक र मूल्यांकन बिषयक नेपाल सरकार वन अनुसन्धान तथा सर्वेक्षण विभागको सन् २०१४ को प्रतिवेदन अनुसार चुरेको क्षेत्रफल १८९८२६३ हेक्टर छ । जसमध्ये १३७३७४३ हेक्टर अर्थात् ७२.३७ प्रतिशत भू-भाग जङ्गलले ओगटेको छ । करिब ७ प्रतिशत भू-भाग चाहिँ मध्यवर्ती क्षेत्रमा पर्दछ ।



यो नेपालको सामरीक महत्व बोकेको क्षेत्र समेत हो । राजा वीरेन्द्रको समयमा भारतले नाकाबन्दी लगाएको बेला चीनबाट हतियार ल्याएर चुरे क्षेत्रमा राखिएको र त्यो भारतको सुरक्षाको हिसाबले संवेदनशील छ भनि भारतले आरोप समेत लगाएको थियो । सिन्धुलीमा अंग्रेजी सेनालाई गोर्खालीहरुले चुरेका तहहरुमा लुकेर गरेको आक्रमण बिर्सन सकिन्न । पूर्व-पश्चिम राजमार्ग बनेपछि राजमार्ग उत्तरतर्फ चुरेसम्म नै वृक्षारोपण गरिने नीति अहिलेसम्म अलपत्र परेकै छ । अलि बृहत्तर सोचाइको आधारमा हेर्ने हो भने चुरे भारत, बङ्गलादेशसम्म पनि जोडिन पुग्छ । यस हिसाबले यसको संरक्षणको बारेमा क्षेत्रीय अवधारणालाई अघि सार्नु उत्तिकै सान्दर्भिक छ । यो समग्र क्षेत्रको पर्यावरण, जलवायु, कृषि, जलसम्पदा, जैविकविविधतासँग चुरे प्रत्यक्ष जोडिएर रहेको छ ।

२०३६ सालमा नेपालीवनको जति फडानी भयो त्यो भन्दा बढी त अस्थिर राजनीतिको बर्तमान दशकहरुमा भएको देखिन्छ । चुरे क्षेत्रको वाटर टेबल पाँछ-छ मिटरबाट २५/३० मिटर तल झरेको छ । जनकपुरका गाउँमा ४० फिटमा पानी आइरहेकोमा हाल १४० फिटसम्म गाडिएका ट्युबेलबाट मात्र पानी आउन थालेको छ । सप्तरी, सिराहा र सर्लाहीको अवस्था झन् गम्भीर छ । जहाँ चुरेको दोहन पनि तीब्र छ । सिराहाको एउटा कार्यक्रममा पूर्व राष्ट्रपति रामवरण यादवले अबका सन्ततिले तराईमा गाई, भैसीको होइन ऊँटको दूध पिउनुपर्ने अवस्था आउन सक्छ भनेको कुरा आज सम्झनुपर्ने भएको छ ।

चुरे संरक्षण पुरानै मुद्दा हो । विश्व वन्यजन्तु कोषले 'तराई आर्क' अन्तर्गत वन्यजन्तुको आवत-जावतको लागि करिडोर सुनिश्चिताको कुरा उठाई सहयोग पनि गरेको थियो । जर्मनी संस्था जिटिजेडले चाहीँ वन बिकासको माध्यमबाट चुरे जोगाउने कार्यमा सहयोग गरेको थियो । त्यस्तै केयर नेपालले पूर्वी नेपालको चुरेमा काम गरिरहेको छ । गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादव कै सदिच्छा बमोजिम राष्ट्रपति चुरे संरक्षण समिति गठन गरी सो मार्फत कामहरू २०६७ सालदेखि हुन थालेको थियो । बजेट विनियोजन गरेर तत्कालीन समयमा धेरै प्रयासहरु शुरु भए । अहिले चुरेको उत्खनन् गरेर गिट्टी, ढुङ्गा र बालुवा निर्यात गर्ने कुराले आफू चिन्तित बनेको डा. यादवले कान्तिपुरसँगको अन्तरवार्तामा हालसालै बताइसकेका छन् । यसको संरक्षणमा गणतन्त्र आएपछि मात्र दशौं अर्ब खर्च गरिसकिएको छ । ढुङ्गा। गिट्टी निर्यातले दशौं अर्ब त नाफा होला, तर बिसौं खर्बको नोक्सानी व्यहोर्नुपर्ने डा. यादवले बताइसकेका छन् ।

पछिल्लो कालखण्डमा समेत यसको जगेर्नाको निम्ति धेरैकुराहरु उठे, तर चाहना मुताविक काम हुन नसकेको र लुकिछिपी यसको दोहन जारी छ र यसको नाम गरेर धेरैले अर्बौं रकमले खल्ती समेत भरेका कुराहरु छताछुल्ल भइसकेको छ । राष्ट्रिय गौरवको चुरे संरक्षण कार्यक्रम कार्यान्वयनको लागि गठित राष्ट्रपति चुरे तराइ-मधेश संरक्षण बिकास समितिका पदाधिकारीहरुको तलब, भत्ता, भ्रमण भत्ता र अन्य सुविधाहरुको ब्यापक दुरूपयोग हुनेगरेका कुराहरु आइसकेका छन् । समितिका पदाधिकारीहरु एकाइ कार्यालयका गतिविधिहरु हेर्न र अवलोकन गर्ने नाममा आफ्नो घर, माइतमा गएर बस्ने, राजनीतिक कार्यक्रमहरुमा सहभागी हुने तर लाखौंको रकम भत्तास्वरुप कुम्ल्याउने, गाडी सुबिधा लिनेखालको प्रवृत्ति हावी भएको कुराहरू विभिन्न सञ्चारमाध्यममा आएकै छन् । तत्कालीन सरकारले २०७१ साल असार २ गते चुरे समिति पुनर्गठन गरेको थियो । समितिको अध्यक्षमा पूर्व अर्थ सचिव रामेश्वर खनाल नियुक्ति भएका थिए । चुरेको बृहत्तर संरक्षणमा केही हुने आशा पलाएको थियो । केही कामहरुको शुरुवात पनि हुन थालेबाट आशाका किरणहरु समेत देखिन थालेका थिए । तर, खनालसहित चारजना बोर्ड सदस्यहरुले तत्कालीन वन मन्त्री अग्निप्रसाद सापकोटाको दवाव झेल्न नसकेर राजिनामा दिएपछि आशाहरुमा तुसारापात भएको थियो । लगातार यसलाई आफ्ना मान्छे नियुक्ति गरेर रकम कुम्ल्याउने साधनको रुपमा प्रयोग गरिएको कुराप्रति इतिहास साक्षी छ । त्यसकारण चुरेको संरक्षणमा भएका कामहरुको बृहत्तर विश्लेषण गरेर कमजोरीहरु हटाउँदै वैज्ञानिक उत्खनन् र संरक्षणको कार्य साथसाथै चलाउनु आवश्यक हुन्छ ।

चुरे क्षेत्रमा नदीजन्य गिट्टी, ढुङ्गाको बेचबिखन र प्रयोग बारे सरकारहरु बीच विवाद हुन थालेको समेत विभिन्न ठाउँमा देखिँदै आएको छ । हालै मात्र देवदह नगरपालिकाले चुरे क्षेत्रमा नदीजन्य पदार्थको बेचबिखन खुल्ला गरेकोमा प्रदेश सरकारले रोक लगाइदिएको खबरहरु प्रकाशित भइसकेको छ । उता नगरपालिका भने नियमसम्मत ढङ्गले नै राष्ट्रपति चुरे मधेश संरक्षण समितिको स्वीकृति लिएर अनि वातावरण प्रभाव मूल्याङ्कन समेत पहिले नै गराइ काम थालिएको बताउँछ । अब विवाद होइन स्थानीय, प्रदेश तथा संघीय सरकारहरुको अधिकार क्षेत्र किटान हुनुपर्ने र समन्वयात्मक ढङ्गले यसको रक्षाको लागि कार्य गर्नु आवश्यक देखिएको छ । अप्रत्यक्ष रुपमा, कानूनलाई हातमा लिएर चुरे दोहन गर्दा पनि बिकराल अवस्था आउने खतरा विज्ञहरुले बताइरहेका बेला औपचारिक रुपमै वैधानिक बाटोबाट यसको दोहन/उत्खनन् गर्न खोज्नु मुर्खता तथा दीगो सोचाइ हुन सक्दैन । यो नेपालले पञ्चायती व्यवस्थादेखि नै अंगिकार गरेको दीगो विकासको अवधारणाको विपरीतको कुरो हुन जानेछ ।

एकातिर हामिले समृद्ध नेपाल सुखी नेपालीको नारा दिएका छौं । तराई पहाडमा फराकिला बाटाहरु बनाउनै बाँकी छ । माटो सुहाउँदो उद्योग, कलकारखानाको स्थापना गर्नु नै छ । यसका लागि पनि चुरेको उत्खनन् हुने नै छ । बिदेश निर्यात गर्ने हाम्रो नीतिले बिदेशी खुशी पार्दछ किनभने छिमेकी भारतले प्रायः सबैतिर धेरै फराकिला सडक निर्माणलाई उसले उच्च प्राथमिकतामा राखेको छ । त्यसको लागि उसले नेपालको स्रोत खोजेको हुन सक्छ । हाम्रो सीमा जोडिएका बिहार र बङ्गालका फराकिला बाटाहरुको ढुङ्गा गिट्टीको स्रोत हाम्रो चुरेलाई बनाएर हामी भने अलपत्रमा पर्नु हुँदैन । चुरे ढुङ्गा गिट्टी र बालुवाको स्रोत मात्र होइन यो त नमूना पर्यावरणको धोतक समेत हो । चुरे जैविक विविधताको खानी हो । चुरे तराईको पानीको मुहान हो । चुरे हिमालय पर्वतको कान्छो भाइ हो । चुरे नेपालको सामरिक महत्वको क्षेत्र पनि हो । चुरे कमलो पहाड हो । चुरे पहाड मधेशको सङ्गम हो । चुरे दक्षिणतर्फको अन्न भण्डारको पानीको जननी हो । चुरे प्राकृतिक सुन्दरताको स्रोत हो । चुरे जङ्गल र वन्यजन्तुको साझा घर हो । चुरे असंख्य सीमसारको क्षेत्र हो । चुरे हामीले बुझ्न नसकेको रहस्य हो । समग्रमा चुरे एउटा भौगोलिक सत्य हो । बङ्गालको खाडीबाट आउने पानीयुक्त वायुलाई केही हदसम्म रोकेर बर्षा गराउने प्रथम पर्वत समेत चुरे हो । चुरे तराईलाई मरुभूमि हुनबाट जोगाउने इश्वरीय वरदान पनि हो ।

चुरे क्षेत्रले नेपालको कुल भू-भागको १२.७८ प्रतिशत ओगटेको छ । चुरे क्षेत्रले नेपालका २९ वटा जिल्लालाई छोएको छ । यी जिल्लाहरुमा ६० प्रतिशत जनसंख्या रहेको छ । यस क्षेत्रलाई पूर्वी, मध्य र पश्चिम गरी तीन वटा भौगोलिक खण्डहरुमा बिभाजन गरेर कार्यक्रमहरु सञ्चालन गर्न अनिवार्य छ । समग्र चुरेलाई एउटै आँखाले हेर्नुहुँदैन किनकि यसभित्र पनि विविधता देख्न सकिन्छ । तुलनात्मक रुपले पूर्वको चुरे पश्चिमको भन्दा कमसल तथा होचो छ । धेरै स्थानहरुमा यो लुकेको समेत छ । ढुंगा, गिट्टी र जंगलको दोहनले जैविक विविधतामा ह्रास, पहिरोको उच्च सम्भावना, तराइको पानीको स्रोत सुक्ने समस्याहरु देखापरिसकेका छन् । चिया, कफी, रवर, जडीबुटी लगायतका लाभका खेती बिस्तार गरिनु जरुरी देखिन्छ । वृक्षारोपण गरेर देखिएका पहिरोहरु नियन्त्रण गरिनु पर्दछ । त्रिविविको केन्द्रीय वातावरण विज्ञान विभागले चुरे क्षेत्रमा १० हजार एक सय ३४ वटा पहिराहरु पहिचान गरिसकेको छ । जसले करिव ४९००० हेक्टर जमिन नोक्सान गरेको छ । तीव्रगतिको वन फडानी, वन्यजन्तु बिनास, जनसंख्याको चाप, चोरी सिकारी, वन डढेलो, अन्धाधुन्ध गिट्टी ढुंगाको उत्खनन् यसको दोहनका कारणहरु बनेका छन् ।

२०७७ को सुख्खा हिउँदमा देखिएको वन डढेलोलाई आजसम्मकै सबैभन्दा धेरै फैलिएको र बिनासकारी भनिएको छ । दक्षिण एसियायी डढेलो नियन्त्रण समाजले जनाए अनुसार मार्चदेखि जुनसम्म नै यो क्षेत्रमा डढेलो लाग्ने गर्दछ । पुराना पहिरोहरु काट्दै बनाइएका सडकहरुका संरचनाहरुले पुनः पहिरो जाने अवस्थाहरु सृजना भइरहेको देखिएको छ । यसले पनि नेपालमा दीगो बिकासको नीतिलाई गिज्याएको देखिन्छ । मिडिल सिवालिकमा र लोवर सिवालिकमा बढी पहिरो देखिनुले यसले दक्षिणतर्फको अन्न भण्डारलाई सिँधै असर पार्न सक्ने देखिन्छ । नीतिगत रुपमै चुरेको अन्धाधुन्द दोहन हुने हो भने र पदाधिकारीहरुले ठगी खाने भाँडो बनाएसम्म चुरेरुपी बहुआयामीक स्रोतहरुको जगेर्ना हुँदैन । नदीमा जम्मा भएको गिट्टी, ढुङ्गा र बालुवाको सही र वैज्ञानिक ढङ्गले उपयोग नगरिने हो भने फेरि तराईका नदीहरुको धरातल माथी उठेर उल्टो असर पनि हुन सक्छ । त्यसकारण नदीजन्य पदार्थको वैज्ञानिकको उत्खननुको आवश्यकता भए पनि खानीजन्य उत्खनन् पर्यावरण मैत्री हुनै सक्दैन । तराईमा मरुभूमिकरण हुने, उत्पादकत्व घट्ने अनि हाम्रो खाद्यान्नमा हुने परनिर्भरता झन् बढेर जान्छ । पर्यावरणमा असन्तुलन पैदा हुन्छ । धेरै प्राकृतिक पारिस्थितिक प्रणालीहरुको अस्तित्व अन्त्य हुन सक्छ । एकातिर समयमै बेथितिहरुको अन्त्य गर्दै यसको संरक्षणमा स्थानीय, प्रादेशिक र केन्द्रीय सरकारहरुले प्रष्ट नीतिहरु बनाउनु अनिवार्य देखिन्छ भने अर्कोतर्फ आम नागरिक एवम् सरोकारवाला सबै सचेत हुनु उत्तिकै जरुरी छ ।

*tulasikharel1973@gmail.com*

## राजकुमारको उपचारमा सहयोग गरिदिन आग्रह



**बिर्तामोड, असार ८।** गंगामाया तथा नरबहादुर बस्नेत स्मृति क्यान्सर पीडित सहयोग संस्थाले राजकुमार बचाऊ अभियान शुरु गरेको छ ।

विगत एक बर्ष अघिदेखि नशा तथा लिभर सम्बन्धी समस्याका कारण थला परेका झापा हल्दिबारी वडा नं. ४ लाबुङडाँडाका राजकुमार मावो लिम्बूको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले आर्थिक संकलन समिति गठन गरेर राजकुमार बचाऊ अभियान शुरु गरेको हो ।


संस्थाले राजकुमारको उपचार सहयोग संकलनका लागि भुपाल बस्नेतको संयोजकत्वमा समिति समेत गठन गरेको छ । राजकुमार बचाऊ अभियानको गठित समितिको सहसंयोजकमा अनिल चौहान, सदस्यहरुमा सुबास बाह्रकोटी, दीपकराज मैनाली, विर्खबहादुर थाम्सोहाङ, दिलिप शाह, प्रेम राई, विशाल लिम्बू, नरप्रसाद खनाल, नितेश्वर शाह हलुवाई र सन्तु थापा मगर रहेका छन् ।

आर्थिक कठिनाइका कारण अस्पताल भर्ना हुन नसकिरहेका मावोलाई उपचारार्थ कनकाई अस्पताल बिर्तामोडमा भर्ना गरिएको जानकारी दिँदै संयोजक बस्नेतले सहयोग गरिदिन सबै सहयोगी महानुभावहरुमा आह्वान समेत गरे ।

## विद्यालयमा पुस्तक वितरण शुरू

**बिर्तामोड, असार ८।** शैक्षिकसत्र २०७८ का लागि विद्यालयमा पुस्तक वितरण शुरु गरिएको छ । नेपाल सरकार शिक्षा विज्ञान तथा प्रबिधि मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्रले १, ३ र ६ कक्षाका नयाँ पाठयपुस्तकसहित कक्षा १० सम्मका पुस्तक सहजै उपलब्ध गराएको हो ।

विश्वले झेलिरहेका कोभिड-१९ महामारीको विद्यालय र विद्यार्थीहरुमा प्रत्यक्ष असर परेको र शैक्षिकसत्र बैशाखबाट शुरु हुने भएता पनि यो महामारीको कारण सरकारले असार १ गतेदेखि विद्यार्थी भर्ना सञ्चालन गरेको



अर्जुनधारा नगर शिक्षा प्रमुख उप सचिव तोयानाथ रेग्मीले बताए ।

पुस्तक विद्यार्थीहरुको हात-हातमा सहजै प्राप्त होस भनेर पूर्वाञ्चल डिलर हलेसी पुस्तक पसलका सञ्चालक युवराज डाँगीले विद्यालयहरुमा पुगी सकेको बताए ।

पुस्तक प्राप्त भए पनि विद्यालय कहिलेदेखि र कसरी व्यवस्थापन गरी सञ्चालन गर्ने भन्ने बिषयमा स्थानीय निकायले भने निर्देशन नगरेको भानु मा विका प्रअ रुपक दाहालले बताए ।

# १८ बुँदे माग राख्दै ज्ञापन



□ उमानाथ भण्डारी

**कमल, असार ८।** नेपाल शिक्षक महासंघ कमल गाउँ समितिले विभिन्न माग राखी कमल गाउँपालिकामा ज्ञापनपत्र बुझाइएको छ।

गाउँपालिकामा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीहरूको पेशागत हकहित संरक्षण तथा कोभिड-१९ बाट सिर्जित विषम् परिस्थितिमा विद्यालयको पठनपाठन प्रक्रिया सञ्चालनसँग सम्बन्धित विभिन्न १८ बुँदै माग राखी ज्ञापनपत्र बुझाइएको हो।

कमल गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरूका शिक्षकहरूलाई प्रविधि सम्बन्धी तालिम र प्रविधि सामग्री (ल्यापटप) उपलब्ध गराइनुपर्ने, सबै तहका शिक्षक तथा कर्मचारीहरूलाई महिनैपिच्छे तलब खुवाउने व्यवस्था गरिनुपर्ने, कोभिडको दोस्रो डोज खोपको व्यवस्था गरिनुपर्ने, विद्यालयलाई उपलब्ध हुने मसलन्द रकम वृद्धि गरिनुपर्ने, विद्यालयहरूमा तीव्रगतिको इन्टरनेट सेवा उपलब्ध गराइनुका साथै कम्प्युटरहरू मर्मतका लागि दक्ष प्राविधिक उपलब्ध गराइनुपर्ने, प्रधानाध्यापक तथा शिक्षकलाई भ्रमणयोग्य शैक्षिक संस्थाहरूको अवलोकन भ्रमण गराइनुपर्ने ज्ञापन-पत्रमा उल्लेख गरिएको छ।

त्यसैगरी सरकारले बाल शिक्षक तथा विद्यालय कर्मचारीहरूको लागि तोकेको मासिक तलबमा महँगी भत्ता वापत थप दुई हजार रुपैयाँ उपलब्ध गराइनुपर्ने, विद्यालयका लेखापालहरूलाई खरिदार सरह तलब उपलब्ध गराइनुपर्ने, हरेक विद्यालयको लागि अतिरिक्त कार्यक्रम सञ्चालनार्थ बजेट विनियोजन गरिनुपर्ने, कोभिड-१९ को संक्रमण रोक्नको निम्ति हरेक विद्यालयमा मास्क, सेनिटाइजर, हात धुने साबुन, थर्मल गन लगायतका सामग्रीहरू सहित स्वास्थ्यकर्मी समेत उपलब्ध गराइनुपर्ने ज्ञापन-पत्रमा उल्लेख गरिएको छ ।

गाउँपालिकाबाट उपलब्ध गराइएका शिक्षक अनुदान कोटामा कार्यरत शिक्षकहरूलाई स्केल बमोजिमको तहगत मासिक तलब तथा दशैं खर्च उपलब्ध गराइनुपर्ने, अनुगमन समिति निर्माण गरी विद्यालयहरूको नियमित अनुगमन गराइनुपर्ने, शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई दिवा खाजा उपलब्ध गराउन गाउँपालिकाको बजेट मार्फत कार्यक्रम ल्याइनुपर्ने, शिक्षक कर्मचारीहरूको कार्य दक्षताको उचित मूल्याङ्कन गरी सम्मान तथा पुरस्कार उपलब्ध गराइनुपर्ने लगायतका मागसहितको ज्ञापन-पत्र महासंघका अध्यक्ष हिमप्रसाद दाहालले गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेलेलाई बुझाएका थिए।

नेपाल राष्ट्रिय शिक्षक संगठन कमल गाउँ समितिका अध्यक्ष श्री मधुसुदन अधिकारी, नेपाल शिक्षक सङ्घ कमल गाउँ समितिका अध्यक्ष हेमकुमार श्रेष्ठ, एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन कमल गाउँ समितिका अध्यक्ष यामनाथ दाहाल र कर्मचारी युनियन कमल गाउँ समितिका प्रतिनिधि महेन्द्रकुमार अधिकारी लगायत विभिन्न संघ-संस्थाका शिक्षकको सहभागिता रहेको थियो।

# 'एक घर एक पशु बीमा' कार्यक्रम लागू

□ विनोद सापकोटा

**झिलझिले, असार ८।** व्यावसायिक पशुपालन गरिरहेका शिवसताक्षी-६ का अधिकांश कृषकको पशु बीमा गरिदिएको छ।

वडाध्यक्ष मनोज खुलाल कार्कीले पशुपालनमा प्रोत्साहन र वडाका बासिन्दाको आयआर्जन बृद्धि गराउन राहतका कार्यक्रम ल्याएपछि अब किसान पशुपालनमा आकर्षित भए। वडामा 'एक घर एक पशु बीमा' कार्यक्रम लागू भएको छ। यो कार्यक्रम जिल्लामा सम्भवतः पहिलो हो। किसान भन्छन्- 'वडाले चौपायाको बिमा गरेपछि अब गोठैभरि पशु पालेर आयआर्जन बढाइन्छ।' स्थानीय ओमप्रकाश गुरुङ भन्छन्- 'हाम्रा वडा अध्यक्षले ल्याएका हरेक कार्यक्रम डिप्लोमेटिक छन्।'

वडाले सार्वजनिक सूचना प्रकाशित गरेर 'एक घर एक पशु बीमा' कार्यक्रममा सहभागी हुन वडाका बासिन्दालाई आह्वान गरको थियो। वडाध्यक्ष खुलाल कार्कीका अनुसार वडाको यो कार्यक्रममा एक सय ६० घरपरिवारका सदस्य सहभागी भएका छन्। सहभागी भएका मध्ये किसानले गाई, भैंसी, बाखा, बंगुर लगायतका पशुको बीमा गरेको वडाध्यक्ष खुलालले बताए। पशुको बीमा गरेबापतको लाग्ने शुल्क वडा कार्यालयले बीमा कम्पनीलाई भुक्तानी दिएको छ।



शर्मिला विकले पालेको भैंसी डेढ लाख रुपैयाँ मूल्यको छ। पशु प्राविधिकको सिफारिसमा एक लाख मूल्यको भैसीको बीमा उनले गराइन्। एक लाख ५० हजारमा गत वर्षमात्र छिमेकीबाट किनेर ल्याएकी शर्मिलाको भैसीले दिनमा १६ लिटर दूध दिन्छ। उनले दुई लिटर दूध घरमा खपत हुने र बाँकी १४ लिटर दूध बजारमा बिक्रीका लागि लैजाने गरेको बताइन्।

'यति धेरै मूल्य हालेर भैसी किनेको छु। कथमकदाचित भैंसी मरिहाल्यो भने त मेरो लगानी चुर्लुम्म डुबिहाल्छ नी'- उनले भनिन्- 'रिक्स कभरका लागि बीमा गरेकी हूँ। बीमा गरेपछि कम्पनीले रिक्स व्यहोर्छ नी।'

वडाको ठगबस्तीका अधिकांश किसानका घरमा उन्नत जातका गाई छन्। २२ लिटरसम्म दूध दिनेखालका गाई किसानले पालेका छन्। चन्द्रडाँगी बीउबिजन केन्द्रमा केही वर्ष पहिले नश्ल सुधारका लागि राखिएको बीऊ साढेका कारण बस्तीमा उन्नत जातका गाई पालन फस्टाएका छन्। उक्त बीऊ साँढे यतिबेला मासिएको छ।

वडाले आह्वान गरेको सूचना र किसानले दिएको निवेदनका आधारमा किसानले पालेका पशुको बीमा गरिएको हो। यो कार्यक्रमका लागि वडाले चालू आवमा एक लाख बजेट वडा सिलिङ्गबाट छुट्याएको थियो। त्यही रकमबाट योजना सञ्चालन भएको वडाध्यक्ष खुलाले बताए। उनका अनुसार किसानको हौसला र उत्साहले आगामी वर्षमा पनि यो कार्यक्रमले निरन्तरता पाउने छ।

गाउँ-गाउँमा वडाध्यक्षसहित पशु बीमाका लागि बीमा कम्पनी किसानको गोठ-गोठमा पुग्ने गरेका छन्। घरघरै पुगेर वडाले आफ्ना नयाँ कार्यक्रमबारे जानकारी गराउन थालेपछि किसान पनि पशु बीमाप्रति आकर्षित हुन थालेको वडाध्यक्ष खुलालले बताए। निवेदन गर्न छुटेकाको दाँतमा ढुंगा लागे जस्तो भएको स्थानीयले बताए। पशु बीमा गरेपछि एक वर्षभित्र पशु मरेमा बिमाङ्कको ९० प्रतिशत रकम कम्पनीले किसानका घरमै पुगेर दिन्छ।

व्यावसायिक रूपमा पशुपालक किसानले बिमा गरेपछि पशुमा लाग्ने महामारी रोगबाट हुने क्षतिको सामना गर्नु पर्दैन। व्यवसायमा गरेको लगानी खेर जानबाट जोगिन पशुमा गरेको बीमा धेरै प्रभावकारी भएको किसानको भनाइ छ। बीमा गरेका पशु दुर्घटना, रोग तथा महामारीबाट मरेको खण्डमा बीमा कम्पनी घरमै पुगेर दाबी भुक्तानी दिने कम्पनीका एनएलजी कम्पनीका प्रतिनिधि लक्ष्मीप्रसाद नेपालले बताए।

पशुपालनको जोखिम घटाउन, किसानलाई पशुपालनतर्फ प्रोत्साहन गर्न, नश्ल सुधार गर्न, वडालाई दूध, दहि मोहीमा आत्मनिर्भर बनाउनका लागि वडामा बीमा कार्यक्रम सञ्चालन गरिएको वडाध्यक्ष खुलाले जानकारी दिए।

पशु बीमा गर्दा बीमा कम्पनीले सिरियल नम्बरसहितको ट्याग पशुका कानमा लगाइ दिन्छन्। बीमा दाबी भुक्तानी लिन किसानले पशु मरेको बारे तीन दिनभित्र कम्पनीमा जानकारी दिनुपर्ने कानुनी व्यवस्था छ।

# यातायात मजदुरलाई खाद्यान्न

**बिर्तामोड, असार ८।** दोस्रो लहरको कोरोना महाकारीका कारण निषेधाज्ञा लम्बिँदै गएपछि छाक टार्न समेत समस्या झेल्दै आएका यातायात मजदुरलाई अखिल नेपाल ट्रेड युनियन झापाले खाद्यान्न वितरण गरेको छ।

महासंघ झापाले ४० जना यातायात मजदुरलाई राहत वितरण गरेको हो। उनीहरु प्रत्येकलाई १० केजी चामल, आधा केजी दाहाल, एक केजी नुन, एक प्याकेट सोयाविन र आधा लिटर खानेतेल वितरण गरेको महासंघ प्रदेश नं. १ का इन्चार्ज भूपाल सापकोटाले जानकारी दिए।

करिब ३० हजार रुपैयाँ बराबरको खाद्यान्न सामग्री वितरण गरेको महासंघ झापाकी अध्यक्ष सीता सापकोटा सन्ध्याले जानकारी दिइन्। बिर्तामोड आसपास क्षेत्रका यातायात मजदुरहरुलाई राहत वितरण गरिएको हो। राहत वितरण कार्यक्रमको समन्वय अखिल नेपाल यातायात मजदुर संघ झापाका सदस्य पदमलाल तामाङले गरेका थिए।


## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्बो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२० ९८४२६५५७००, ९८०४९३८१००

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

## तार जालीको मूल्य रेट

जीविका इन्टस्ट्रीज बिर्तामोड-८ बाट उत्पादन हुने विभिन्न साइजको ढुङ्गा भर्ने तार जाली (वक्सा) आठ गेज बोर्डरको ११ गेज मेस वायर मेसीन मेड जाली १००x८०mm को मेस साइज भएको जालीको प्रति गोटा दरभाउ तपसीलमा उल्लेख गरिएको छ।

तपसील

| मिटरमा | प्रति गोटा रु. | भ्याट | |
|---|---|---|---|
| ३x१x१ | ४८३०।- | १३% | |
| २x१x१ | ३४२०।- | | |

**नोटः उल्लेखित रेटमा १% छुट गरिनेछ।**
**सम्पर्क : ९८५२६७११२१, ०२३-४५५२०६**

## एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाइंको स्थानीय साझेदार (Your Local Partner)

*नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)*

केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा

फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np


## जग्गाबिक्री सम्बन्धि १५(पन्ध्र) दिने सूचना

*(प्रथम पटक प्रकाशित मिति २०७८/०३/०७.गते सोमवार)*
*अन्नपूर्ण पोष्ट*

यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गा जेजस्तो अवस्थामा रहेको छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीकोलागि यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित जग्गा लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र अर्थात् मिति २०७८/०३/२१. गते कार्यालय समयभित्र तथा सो दिन सरकारी विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन कार्यालय समयसम्म अर्थात् बेलुकी ४:३० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, बिर्तामोड-४, झापामा आइपुग्नेगरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ। तोकिएको समयभित्र बैंक समक्ष प्राप्त वोलपत्रहरु मिति २०७८/०३/२२ गते मंगलबार दिनको ३.०० बजे वा सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा बैंकको केन्द्रीय कार्यालय, बिर्तामोड-४, झापामा खोलिनेछ। उक्त दिन र समयमा उपस्थित हुनु हुन बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। बोलपत्र खोलिने दिन बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा नपर्ने व्यहोरा समेत जानकारी गराइन्छ। बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय, बिर्तामोड-४, झापाबाट अथवा यस बैंकको वेभसाइट www.edb.com.np बाट download गरि प्राप्त गर्न सकिनेछ। **बोलपत्रका शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।** बोलपत्रदाताले धरौटी वापत वोलपत्र फारममा उल्लेखित रकम यस बैंकको नाममा खिचिएको कुनै बैंक/वित्तीय संस्थाको Good For Payment Cheque समेत संलग्न गरि पेश गर्न सकिनेछ।

| सि.नं. | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | न्युनतम मुल्य |
|---|---|---|---|---|---|---|
| १ | झापा | साविक अनारमनी गा.वि.स. हाल बिर्तामोड न.पा. | साविक वडा नं. ४ हाल वडा नं. ४ | ८ | १९८१.२४ वर्ग मिटर | रु. ८ करोड ९५ लाख |
| २ | झापा | साविक अनारमनी गा.वि.स. हाल बिर्तामोड न.पा. | साविक वडा नं. ४ हाल वडा नं. ४ | ९२ | ५३२.३८ वर्ग मिटर | रु. ११ करोड ६५ लाख |
| ३ | झापा | साविक अनारमनी गा.वि.स. हाल बिर्तामोड न.पा. | साविक वडा नं. ३ हाल वडा नं. ५ | १५२ | २७९.३५ वर्ग मिटर | रु. २ करोड.९५ लाख |
| | | | | १५० | ११८.५१ वर्ग मिटर | |


## सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राहयता।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा



बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
साहित्य एवम् कलामा रूची जाग्नेछ, स्त्री, पुत्रबाट सुख एवम् लक्ष्मीस्थिर रहनेछन्।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
राम्रो दिन छ, दिदी-बहिनीबाट सहयोग पाइनेछ, ससुरालीबाट सहयोग मिल्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
मित्रहरूसँग भेटघाट हाँसखेल हुनेछ, मान-प्रतिष्ठा ख्यातीमा वृद्धि होला। अन्न वस्त्रको लाभ होला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
स्वास्थ्यमा समस्या आउँला, आर्थिक समस्याले झण्डै संकटको रुप लेला। कामकाजहरु अधुरा रहँलान्।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
प्रेम सम्बन्ध मिलनको क्षण आउँला, धनको लाभ होला, उपहार प्राप्त हुने योग छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
बुद्धि तथा चरित्रको विकास होला, लक्ष्मीको साथ मिल्ला, शक्ति र साहसको वृद्धि होला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
धन लाभ हुनेछ, सम्मान वृद्धि होला, शत्रु परास्त हुनेछन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
बुद्धि तथा चरित्रको विकास होला, मित्रजनबाट यदाकदा सफलता मिल्ला, काम सफल होला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
अध्ययन कार्यमा बाधा होला, मन चिन्तित होला, अनावश्यक विवादमा पिएला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
तपाईंमा उताउलोपन आउँला। उपहार प्राप्त हुने योग छ। शत्रु नाश होलान्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
कार्यसिद्धीको योग छ। अप्ठ्यारो काममा सफलता मिल्ला धन, वस्त्र वा कुनै बहुमूल्य वस्तुको प्राप्त होला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
साधारण दुर्घटनाको भय होला, अनावश्यक काममा धन नाश होला। आर्थिक संकटबाट गुज्रनुपर्ला।